# कालिमाटी गाउँपालिकाको

# संगठन ब्यबस्थापन सर्वे तथा दरवन्दी संरचना

## २०७८

## कालिमाटी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

रामपुर सल्यान, कर्णाली प्रदेश, नेपाल


तयार गर्ने संस्थाः

**के.सी. मल्टिप्रपोज कन्सल्टेन्सी प्रा.लि.**

तुल्सीपुर, दाङ

## दुई शब्द

नेपालको संविधान बमोजिम पुनर्संरचना पश्चात् गठित यस गाउँपालिकाको संगठन तथा ब्यबस्थापन सर्वे गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

राज्यको पुनर्संरचनाको सिलसिलामा स्थापित यस गाउँपालिकाको प्रशासनिक कार्य संचालन तथा सेवा प्रवाह र गाउँपालिकाको विकास निर्माणको कार्यलाइ प्रभावकारी वनाउन यस गाउँपालिकाको आर्थिक,सामाजिक, राजनीतिक र भौगोलिक परिवेश अनुकुल संगठन संरचना तयार पार्ने सिलसिलामा यो संगठन ब्यबस्थापन तयार पार्ने कार्य अगाडि बढाईएको छ । यसलाई समय सापेक्ष परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस गरेका छौं ।

गाउँपालिको संगठन ब्यबस्थापन सर्वे तयार पार्ने कार्यमा महत्वपूर्ण जिम्मेवारी वहन गरी सघाउ पुऱ्याउने गाउँ कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत, सबै जनप्रतिनिधिहरु तथा गाउँ कार्यपालिका र वडा कार्यालयका सम्पूर्ण कर्मचारीहरू एवं निर्वाचित जनप्रतिनिधि लगायत सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट म आभार प्रकट गर्न चाहन्छु

अन्तमा गाउँपालिकाको प्रशासनिक कार्य संचालन तथा सेवा प्रवाह र गाउँपालिकाको विकास निर्माणको कार्यलाइ प्रभावकारी वनाउन यो प्रतिवेदन फलदायी बनोस् र दीर्घकालिन सोँचका साथ अगाडि बढ्न हामी सबैलाई आधार प्राप्त होस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

दान बहादुर के.सी.
गाउँपालिका अध्यक्ष
कालिमाटी
गाउँपालिका,सल्यान

## मेरो भन्नु

प्रशासनिक कार्य संचालन तथा सेवा प्रवाह र गाउँपालिकाको विकास निर्माणको कार्यलाइ प्रभावकारी  र गतिशील बनाउनका लागि गाउँपालिकाको छरितो र चुस्त संगठनको आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्यनजर गरी गाउँपालिकाको संगठन व्यबस्थापन प्रतिवेदन तयार गरिएको छ । जसमा गाउँकार्यपालिको कार्यलय, वडा कार्यालय, विषयगत कार्यालयहरू लगायतले गर्ने काम कर्तब्य अधिकार र संविधान प्रदत्त अनुसूचीमा समावेश अधिकारका साथै स्थानिय सरकार संचालन ऐनमा निर्दिष्ठ गरिएका कार्य तथा जिम्मेवारिको आधारमा गाउँपालिकामा मौजुदा शाखाहरुलाई मर्ज गरि चुस्त र एक द्वार प्रणालीमा सेवा प्रवाह गर्न सहज हुने गरि शाखा तथा उपशाखाको प्रस्ताव गरिएको छ । ।

।

अन्तमा प्रस्तुत संगठन व्यबस्थापन सर्वे तथा प्रतिवेदन तयारी गर्ने परामर्शदाता के.सी. मल्टिप्रपोज कन्सल्टेन्सी प्रा.लि. तुल्सीपुर दाङ ,प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने गाउँ कार्यपालिकाका कर्मचारीहरू, वडा सचिवहरू, सम्पूर्ण विषयगत कार्यालय, अन्य कर्मचारीहरुलाई विशेष धन्यबाद दिन चाहन्छु ।

सनसिल्ता वली डि.सी.<br>
गाउँपालिका उपाध्यक्ष<br>
कालिमाटी गाउँपालिका, सल्यान

# भनाई

कालिमाटी गाउँपालिका नेपालको ६ नं. प्रदेश अन्तर्गतको सल्यान जिल्लामा पर्दछ । भौगोलिक हिसाबले ८० डिग्री २० मिनेट देखि ८३ डिग्री २८ मिनेट पूर्वी देशान्तर र २७ डिग्री ३१ मिनेटदेखि २७ डिग्री ३७ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित रहेको छ । ५००.७२ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा बनगाड, कुपिण्डे नगर, शारदा नगरपालिका र सुर्खेत जिल्ला पश्चिमतिर बर्दिया जिल्ला, पूर्वमा त्रिवेणी गाउँपालिका र सल्यान जिल्ला दक्षिणमा बाँके जिल्ला रहेको छ । यस गाउँपालिकाका नामाकरण यस भेगकै प्रसिद्ध कालिमाटी गंगामाला भगवतीको नामबाट रहन गएको हो । सोही भगवतीको पूण्य यस क्षेत्रलाई प्राचिनकाल देखि कालीमाटी भन्ने गरेको पाइन्छ । साविकका गा.वि.स.हरु कालिमाटी रामपुर, कालिमाटी काल्चे, काप्रेचौर (पहिले कालिमाटी काल्चे) अगाडि कालिमाटी रहन गएको हो ।

वास्तवमा कुनैपनि ठाउँको न्यायोचित एवं समानुपातिक विकासको लागि प्रथमतः उक्त क्षेत्रभित्रको भौगोलिक, सामाजिक, आर्थिक तथा विपद् व्यवस्थापन एवं पूर्वाधार लगायतका पक्षहरुको वारेमा यथार्थ स्थिति एवं वस्तुनिष्ठ जानकारी प्राप्त गर्नु अत्यावश्यक हुन्छ । यसका साथै उक्त कुरा जानकी भएपछि योजना बद्दरुपमा विकास कार्यहरु संचालन गर्न होस वा नियमित प्रशासनिक सेवा प्रवाह गर्न होस सो का लागि निश्चित संगठन संरचनाको आबश्यकता पर्दछ ।

यसै आबश्यकतालाई मध्यनजर गरि यस  गाउँपालिकाको संगठन ब्यबस्थापन सर्वे गरि प्रतिवेदन तयारी पारिएको छ । यसरी संगठन संरचना तयार पार्दा गाउँपालिकाले प्रवाह गर्नुपर्ने सेवाको प्रकृति र विकासको कार्यहरुलाई मध्यनजर गरि एकै प्रकृतिका कार्यहरु एउटै शाखाबाट सम्पादन हुने गरि र सुपरिवेक्षण समेत हुने गरि शाखा र विशिष्टिकृत कार्यको लागि उपशाखाको प्रस्ताव गरिएको  छ । जस्तै सामाान्य प्रशासनिक कार्यको लागि सामान्य प्रशासन शाखा, विकास र निर्माणको लागि पूर्वाधार विकास शाखा, सामाजिक विकासका अवयवहरु शिक्षा,स्वास्थ्य,महिला वालवालिका,सामाजिक सुरक्षा जस्ता सामाजिक विकासका क्षेत्रहरु एकै शाखाबाट संचालन गर्न सामाजिक विकास शाखा, साथै आर्थिक विकासका संवाहक पक्षहरु कृषि,पशुपंक्षि,उद्दोग,वन,पर्यटन जस्ता क्षेहरुको लागि आर्थिक विकास शाखााको प्रस्ताव गरिएको छ । यसै गरि अर्थ प्रशासनका भागहरु लेखा प्रशासन,राजश्व प्रशासन, लेखापरिक्षण लाई आर्थिक प्रशासन शाखा भनि एउटै शाखामा उपशाखा बनाई राखिएको छ । गाउँपालिका क्षेत्र भित्रका र कार्यालय अन्तरगतका मानव स्रोत र साधनलाई मानवपूँजिको रुपमा ग्रहन गर्ने गरि सोको ब्यबस्थापन गरि उपयोग गर्न र गाउँपालिकालाई सूचना प्रविधि मैत्रि बनाउन सूचना प्रविधि तथा मानव पूँजि ब्यबस्थापन शाखाको प्रस्ताव गरिएको छ  ।

अन्तमा यस संगठन ब्यबस्थापन सर्वे प्रतिवेदन गाउँपालिकाको प्रशासनिक कार्य संचालन तथा सेवा प्रवाह र गाउँपालिकाको विकास निर्माणको कार्यलाइ प्रभावकारी वनाउन फलदायी बनोस्  भन्ने शुभेच्छा प्रकट गर्दछु ।

हरि बहादुर खत्री
प्रमुख प्रशासकिय अधिकृत
कालिमाटी गाउँकार्यपालिकाको कार्यालय
सल्यान

# विषय सुची


| | | |
|---|---|---|
| १.१ | परिचय | १ |
| १.२ | पृष्ठभूमि | २ |
| १.३ | अध्ययनको उद्देश्य | ४ |
| १.४ | अध्ययन विधि | ४ |
| १.५ | संगठनात्मक संरचना तथा विवरण तयार गर्ने | ५ |
| १.६ | प्रतिवेदनले समेटेका क्षेत्रहरू | ५ |
| १.७ | प्रस्तावित संगठनात्मक संरचना र कार्य विवरण तयारीका मान्यताहरू | ५ |
| १.८ | प्रतिवेदनका भागहरू | ६ |
| १.९ | संगठन तथा व्यवस्थापनका सिमाहरू | ६ |
| | भाग २ | ७ |
| | विद्यमान कार्यक्षेत्र, मौजुदा सांगठनिक संरचना | ७ |
| २.१.१ | विद्यमान कार्यक्षेत्र | ७ |
| २.१.१ | मौजुदा संगठन संरचना | २७ |
| २.१.२ | दरबन्दी तेरिज | २८ |
| २.२ | गाउंपालिकामा विद्यमान शाखा, उपशाखा तथा इकाईहरू | २९ |
| २.२.१ | शाखाहरू | २९ |
| २.२.२ | उपशाखाहरू | २९ |
| २.२.३ | इकाईहरू | २९ |
| २.३ | गाउंपालिकाको वर्तमान संगठन संरचना लगायत शाखा तथा इकाईहरूको कार्यको वर्तमान अवस्था र विवरण | ३० |
| २.३.१ | संगठन स्वरूप | ३० |
| २.३.२ | कर्मचारी पदपूर्तिको वर्तमान अवस्था | ३० |
| २.४ | विद्यमान शाखा, उपशाखा तथा इकाइहरूको कार्य विवरण | ३८ |
| २.५ | विद्यमान संगठन संरचनामा देखिएका कमी कमजोरीहरू | ४६ |
| | भाग ३ | ४७ |
| | प्रस्तावित संगठनात्मक संरचना तथा मानब संशाधन व्यवस्थापन | ४७ |
| ३.१ | पृष्ठभुमी | ४७ |
| ३.२ | परिमार्जित संगठनात्मक संरचना र दरबन्दी तेरिज | ४८ |
| ३.३ | प्रस्तावित शाखा, उपशाखाको कार्यविवरण | ५१ |
| ३.४ | गाउंपालिकाको जनशक्ति वितरण | ७६ |
| ३.५ | कार्यान्वयन योजना तयारी | ७७ |
| ३.६ | कार्यक्रम सम्बन्धी छलफल | ७७ |
| | भाग ४ | ७८ |
| ४.१ | निष्कर्ष | ७८ |
| ४.२ | निष्कर्ष | ७८ |
| ४.३ | सुझाव तथा सिफारिस | ७९ |
| | अनुसुची १ | ८० |
| | अनुसुची २ | ८१ |
| | अनुसुची ३ | ८३ |
| | अनुसुची ४ | ८४ |
| | अनुसुची ५ | ८५ |
| | अनुसुची ६ | ८६ |
| | अनुसुची ७ | ८८ |
| | अनुसुची ८ | ९३ |
| | अनुसुची ९ | ९४ |
| | अनुसुची १० | १२१ |
| | अनुसुची ११ | १२३ |
| | अनुसुची १२ | १२४ |
| | अनुसुची १३ | १२५ |